आज मिति २०८३।०५।०९ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको आकस्मिक बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं<br>३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | Khatri | श्री लोक राज खत्री | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्धव तिमिल्सिना — वरिष्ठ लेखा अधिकृत
२. सुकमाया दमाई — वडा सदस्य — सुकमाया
३. बासु पण्डित — वरिष्ठ शाखा अधिकृत — Basudev
४. कमल राउत — ईन्जिनियर
५. तेजकुमार धमला — अधिकृत छैटौं

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमती प्रदेश, नेपाल

<u>कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची</u>

बैठक संख्याः ७४
अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष
बैठक मितिः २०८३।०५।०९
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३।०५।०९ | ११:०० बजे | यस कार्यालयबाट सरुवा भई जानुभएका प्रमुख प्रशासकीय अधिकृतलाई श्री चन्द्रकान्त बस्नेतलाई धन्यबाद ज्ञापन तथा यस कार्यालयमा सरुवा भई आउनु भएका प्रमुख प्रशासकिय अधिकृत श्री लोक राज खत्रीलाई स्वागत गर्ने सम्बन्धमा। | प्रशासन शाखा | १ |
| २०८३।०५।०९ | ११:०५ बजे | २ नं. वडाको दुम्किम र तेर्सेमा गएको पहिरो नियन्त्रणको लागि ग्याविन जाली उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८३।०५।०९ | ११:१० बजे | फिस्लिङ शक्तिखोर सडक अन्तर्गत २ नं. वडाको रमाइलोडाँडामा गएको पहिरो हटाउँदा लागेको खर्च भुक्तानी सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८३।०५।०९ | ११:१५ बजे | रोजगारीको सिलसिलामा भारतमा रहँदा मृत्यु भएका ४ नं. वडाका धन बहादुर परियारको परिवारलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ४ |
| २०८३।०५।०९ | ११:२० बजे | श्री राष्ट्रिय आधारभूत विद्यालय, खेतबारी, इच्छाकामना-७, चितवनको विद्यालय मर्मतको लागि रकम उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ५ |
| २०८३।०५।०९ | ११:२५ बजे | योजना सञ्चालनको लागि उपभोक्ता समिति गठन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा। | योजना शाखा | ६ |
| २०८३।०५।०९ | ११:३० बजे | महिला हिंसा विरुद्ध कानूनी सचेतना कार्यक्रम सञ्चालन सम्बन्धमा। | सामाजिक विकास शाखा | ७ |
| २०८३।०५।०९ | ११:३५ बजे | ६ नं. वडाको राष्ट्रिय आधारभूत विद्यालय, चनौटेको विद्यालय भवन रङ्गरोगनको लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ८ |
| २०८३।०५।०९ | ११:४० बजे | सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैङ्कहरुसँग द्विपक्षीय सम्झौता गर्ने सम्बन्धमा। | पञ्जिकरण उपशाखा | ९ |
| २०८३।०५।०९ | ११:४५ बजे | बाढीले क्षति पुर्‍याएको कुलो मर्मत सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १० |
| २०८३।०५।०९ | ११:५० बजे | घर तथा शौचालयमा बाढीले क्षति पुर्‍याएको ३ नं. वडास्थित फिस्लिङमा बस्ने नितु गुरुङलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ११ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २०८३।०५।०९ | ११:५५ बजे | २ नं. वडाको कृषि एम्बुलेन्स मर्मतको अपुग रकम भुक्तानी सम्बन्धमा। | कृषि विकास शाखा | १२ |
| २०८३।०५।०९ | १२:०० बजे | इच्छाकामना-७ मा रहेको गर्दास मा.वि. को विद्यालय बस सञ्चालनको लागि इन्धन उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा शाखा | १३ |
| २०८३।०५।०९ | १२:०५ बजे | नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासीको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १४ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

पूर्व बैठकको समीक्षा

मिति २०८३।०४।१५ मा बसेको ७३ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो।

मिति २०८३।०५।०९ मा बसेको ७४ औं कार्यपालिका बैठकको निर्णयहरुः

निर्णय नं.१: यस कार्यालयबाट सरुवा भई जानुभएका प्रमुख प्रशासकीय अधिकृतलाई श्री चन्द्रकान्त बस्नेतलाई उहाँले यस कार्यालयमा कार्यरत रहँदा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै धन्यबाद ज्ञापन तथा यस कार्यालयमा सरुवा भई आउनु भएका प्रमुख प्रशासकिय अधिकृत श्री लोक राज खत्रीलाई यस कार्यालयको आगामी कार्यकाल सफल तथा अविस्मरणीय बन्न सकोस् भन्ने शुभेच्छा सहित स्वागत गर्ने।

निर्णय नं.२: लगातारको बर्षापछि २ नं. वडाको दुम्किम र तेर्सेमा गएको पहिरो नियन्त्रणको लागि विपद् व्यवस्थापन कोषबाट खर्च लेख्नेगरी स्वीकृत प्राविधिक स्टिमेट अनुसार ग्याविन जाली उपलब्ध गराउने।

निर्णय नं.३: स्वीकृत प्राविधिक स्टिमेट अनुसार फिस्लिङ शक्तिखोर सडक अन्तर्गत २ नं. वडाको रमाइलोडाँडामा गएको पहिरो हटाउने कार्यको प्राविधक मूल्याङ्कन अनुसारको खर्च विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने।

निर्णय नं.४: रोजगारीको सिलसिलामा भारतमा रहँदा मृत्यु भएका ४ नं. वडाका धन बहादुर परियारको परिवारलाई मृत्यु संस्कार खर्च बापत उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट भुक्तानी हुने गरी रु.२५,०००।-(अक्षरुपि पच्चिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

निर्णय नं.५: श्री राष्ट्रिय आधारभूत विद्यालय, खेतबारी, इच्छाकामना-७, चितवनको २ कोठे जीर्ण विद्यालय भवनको मर्मतको लागि शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट खर्च लेख्ने गरी प्राविधिकको स्टिमेट स्वीकृत गराई काम सम्पन्न गरेपश्चात प्राविधक मूल्याङ्कनका आधारमा अधिकतम रु.४,००,०००।-(अक्षरुपि चार लाख मात्र) रकम उपलब्ध गराउने।

निर्णय नं.६: आ.व. २०८३।०८४ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अनुसार गाउँपालिकाको सातवटै वडाहरुमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुको कार्यान्वयनको लागि २०८३ साल भाद्र २५ गतेसम्म अनिवार्य रुपमा सबै वडाहरुले उपभोक्ता समिति गठन गर्ने कार्य सम्पन्न गरी सो को विवरण २०८३ साल भाद्र २६ गते सम्म गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराउने र गाउँ कार्यपालिकाको कार्यालयबाट २०८३ साल असोज ५ गतेभित्र सबै वडाका उपभोक्ता समितिहरुलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न गर्ने।

निर्णय नं.७: इच्छाकामना गाउँपालिकाका सातवटै वडाहरुलाई समेट्ने गरी महिला हिंसा विरुद्ध कानूनी सचेतना सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम उपाध्यक्षसँग विद्यार्थी, महिला तथा नवप्रवर्तन कार्यक्रम शिर्षकबाट खर्च लेख्ने गरी सञ्चालन गर्ने।

निर्णय नं.८: ६ नं. वडाको राष्ट्रिय आधारभूत विद्यालय, चनौटेको विद्यालय भवन रङ्गरोगनको अधुरो कार्य सम्पन्न गर्न प्राविधिक लागत अनुमान स्वीकृत गराई उक्त कार्य सम्पन्न भएपश्चात प्राविधिक मूल्याङ्कनको आधारमा शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट खर्च लेख्ने गरी अधिकतम रु.२,५०,०००।-(अक्षरुपि दुई लाख पचास हजार मात्र) रकम उपलब्ध।

निर्णय नं.९: सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन इच्छाकामना गाउँपालिका र विभिन्न बैङ्कहरुबीच भएको ३ बर्षको करार सम्झौताको अवधि सकिएकोले वडा नं. १ र ३ को लागि माछापुच्छ्रे बैङ्क लि., वडा नं. २ को लागि प्रभु बैङ्क लि., वडा नं. ४ र ७ को लागि ग्लोबल आई.एम.ई. बैङ्क लि. र वडा नं. ६ र ७ को लागि गरिमा विकास बैङ्कसँग भएको साविकको करार सम्झौताको अवधि पुनः ३ बर्षको लागि थप गर्ने।

निर्णय नं.१०: ७ नं. वडाको सिर्जनशिल टोल विकास संस्था अन्तर्गत पर्ने सानो स्याङदी खोला झुलघारी सिंचाई जल उपभोक्ता समितिले सञ्चालन तथा उपयोग गर्दै आइरहेको सिंचाई कुलोमा २०८३ साल साउन १६ गते परेको अविरल वर्षासँगै आएको बाढीले क्षति पुऱ्याएकोले स्वीकृत प्राविधिक स्टिमेट बमोजिम कुलो मर्मत गरी कार्य सम्पन्न पश्चात प्राविधिक मूल्याङ्कन अनुसार विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी अधिकतम रु.१,५०,०००।-(अक्षरुपि एक लाख पचास हजार मात्र) रकम उपलब्ध।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
...पालिका अध्यक्ष

निर्णय नं.११: ३ नं. वडास्थित फिस्लिङमा बस्ने नितु गुरुङको घर तथा शौचालयमा मिति २०८३ साल श्रावण ३ गते राती परेको अविरल बर्षासँगै आएको बाढीले क्षति पुऱ्याएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले क्षति पुगेको संरचनाको मर्मत सम्भारको लागि उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट खर्च लेख्ने गरी रु.१५,०००।-(अक्षरुपि पन्ध्र हजार मात्र) सहयोग उपलब्ध।

निर्णय नं.१२: दुर्घटनामा परी क्षतिग्रस्त भएको गाउँपालिकाको ७५% अनुदानमा २ नं. वडाको हपनी कृषक समूहद्वारा सञ्चालित कृषि एम्बुलेन्स मर्मतको लागि अपुग भएको रकम सबारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी दिने।

निर्णय नं.१३: इच्छाकामना-७ मा रहेको गर्दास मा.वि. को विद्यालय बस सञ्चालनको लागि शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट खर्च लेख्ने गरी प्राप्त बिल भर्पाई र लगबुकका आधारमा इन्धन खर्च बापत रु.२,५०,०००।-(अक्षरुपि दुई लाख पचास हजार मात्र) रकम भुक्तानी दिने।

निर्णय नं.१४: पूर्वाधार विकास कार्यालयको मिति २०८३।०५।०३ को सिफारिस पत्रानुसार उक्त कार्यालयद्वारा सञ्चालित ठेक्का नं. IDO/CHT/W/NCB/67/082-83, Construction/Upgrading Works of Bharatpur 11 Ganeshthan-Simaldhap-Baghkhor-Gardas-Gairibari-Sarebas-Upardangadhi Road सम्बन्धी कार्यको लागि आवश्यक १४८९ घन मिटर नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी एवम् बालुवा) यस गाउँपालिका भित्रका खोलानालाहरुबाट गाउँपालिकाद्वारा स्वीकृत IEE प्रतिवेदनको अधिनमा रही माग भएको परिमाणको प्रदेश आर्थिक ऐनले तोके बमोजिमको राजश्व अग्रिम रुपमा गाउँपालिकामा बुझाउने गरी गाउँपालिकाका प्राविधिक एवं कर्मचारीहरुको प्रत्यक्ष निगरानीमा माग गरिएको परियोजनामा नै प्रयोग गर्ने गरी उक्त कार्य गर्ने जिम्मा पाएको आधिकारिक निर्माण कम्पनी B Construction – Dakshya – J Square J/V, भरतपुर-११, चितवनलाई पूर्वाधार विकास कार्यालय, भरतपुर, चितवनबाट आयोजनाको प्रकार र प्राथमिकता एकिन भएको औपचारिक पत्र प्राप्त भएपश्चात नियमानुसार उत्खनन्, सङ्कलन एवम् ढुवानी गर्न अनुमति प्रदान गर्ने।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष